# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal, Anamnagar, Kathmandu, Nepal


पत्र सख्या : २०८०।८१
च नं :

मितिः २०८०।४।२८

**विषय: निर्णयको जानकारी ।**

श्री सवै लेखापरीक्षण विभाग/ महानिर्देशनालय
महालेखापरीक्षकको कार्यालय, अनामनगर ।

श्रीमान कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूको अध्यक्षतामा श्रीमान मुख्य सचिवज्यूलगायत सबै लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा मिति २०८०।४।२८ गते महालेखापरीक्षकको कार्यालयमा आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण नीति तथा कार्यतालिका एवं लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा भएको अन्तर्क्रिया तथा छलफलबाट देहायवमोजिम निर्णय भएको छ ।

१. आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट सुधार खाका तयार गरी लागु गर्ने र श्रीमान मुख्य सचिवज्यू, श्रीमान अर्थ सचिवज्यू लगायत सम्बन्धित सबैबाट आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।

२. संघीय सरकारको सम्परीक्षण सन्दर्भमा लेखापरीक्षण ऐन, २०७५ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको कानूनी व्यवस्थामा सामन्जस्यता मिलाउने गरी आगामी लेखापरीक्षणमा सम्परीक्षण सम्बन्धी कार्य सुचारु गर्न श्रीमान मुख्य सचिवज्यूमार्फत समन्वय गर्ने व्यवस्था गर्ने ।

३. लेखापरीक्षणबाट नियमितताको अतिरिक्त श्रोतसाधनको उपयोग तथा नतिजामा आधारित क्रियाकलापको कार्यान्वयन स्थितिको मुल्यांकन गर्ने व्यवस्था मिलाउने र सम्बन्धित निकायवाट सो सम्बन्धी सूचना तथा जानकारी (बजेट खर्च, प्रगति तथा उपलब्धी सम्बन्धमा) लेखापरीक्षणको समयमा उपलब्ध गराई लेखापरीक्षण कार्यमा सहयोग पुऱ्याउने व्यवस्था मिलाउने ।प्रथम चरणमा लेखापरीक्षण हुने ४५ जिल्लाको आन्तरिक लेखापरीक्षण समयमा सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

४. लेखापरीक्षण व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक सहयोग र समन्वय गर्ने सम्बन्धमा मन्त्रालय/आयोग/ सचिवालयले मातहत निकायमा आवश्यक सञ्चार गर्ने व्यवस्था मिलाउने ।

(वामदेव शर्मा अधिकारी)
उप-महालेखापरीक्षक

**जानकारीका लागि :**
श्रीमान कार्यवाहक महालेखापरीक्षकज्यू
श्रीमान मुख्य सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
श्रीमान सचिवज्यू/ महालेखा नियन्त्रकज्यू/ प्रदेश प्रमुख सचिवज्यू